**आकाशवाणी समाचार– नेपाली**

मितिः १० अक्टुबर २०२५

समयः ०७.२५ – ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

1. प्रधानमन्त्री नरेन्द्र मोदीले गाजा शान्ति योजनाको सफलताका लागि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहु र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई बधाई दिनुभयो।

2. रक्षामन्त्री राजनाथ सिंहले अस्ट्रेलियाका विदेशमन्त्री पेनी वोंगसित क्यानबेरामा द्विपक्षीय भेटवार्ता गर्नुभयो।

3. बिहारमा विधानसभा चुनावको पहिलो चरणको लागि आज अधिसूचना जारी हुनेछ।

4. मौसम विभागले आज असम, नागाल्याण्ड, मणिपुर, मेघालय, मिजोरम र त्रिपुरामा भारी वर्षाको सम्भावना रहेको जनाएको छ।

5. आइसीसी महिला एकदिवसीय विश्वकप क्रिकेटमा दक्षिण अफ्रिकाले भारतलाई ३ विकेटले पराजित गरेको छ।

**प्रधानमंत्री वार्ता-ट्रम्प नेतन्याहु**

प्रधानमन्त्री नरेन्द्र मोदीले गाजा शान्ति योजनाको सफलताका लागि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहु र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई बधाई दिनुभयो। हिजो राति श्री नेतन्याहूसँग फोनद्वारा गरिएको कुराकानीमा प्रधान मन्त्री मोदीले यस पहल अन्तर्गत भएको प्रगतिको प्रशंसा गर्नुभयो। प्रधान मन्त्री मोदीले विशेष गरी बन्धकहरूको रिहाई र गाजाका जनतालाई थप मानवीय सहायता सम्बन्धी सम्झौताको स्वागत गर्नुभयो। सोशल मीडिया पोस्टमा प्रधान मन्त्री मोदीले श्री नेतन्याहूसँग भएको कुराकानीको विवरण साझा गर्दै आतङ्कवादविरुद्ध भारतको दृढ अडानलाई पुनः पुष्टि गर्नुभयो। प्रधान मन्त्रीले भन्नुभयो, आतंकवाद कुनै पनि रूप र स्वरूपमा संसारमा कहीँ पनि स्वीकार्य छैन।

एक अर्को पोस्टमा प्रधानमन्त्री मोदीले राष्ट्रपति ट्रम्पसँगको टेलिफोन कुराकानीको जानकारी दिनुभयो। प्रधानमन्त्रीले ऐतिहासिक गाजा शान्ति योजनाको सफलताका लागि ट्रम्पलाई बधाई दिनुभयो। दुवै नेताहरूले भारत र संयुक्त राज्य अमेरिकाबिच जारी व्यापार वार्तामा भएको सकारात्मक प्रगतिको पनि समीक्षा गर्नुभयो। आगामी दिनमा पनि निकट सम्पर्कमा रहन दुवै पक्षबीच सहमति हुनु महत्वपूर्ण वैश्विक र द्विपक्षीय मुद्दाहरूको समाधानको संकेत हो भन्नुभयो।

**कृषि मंत्री - दलहन मिशन**

प्रधान मन्त्री नरेन्द्र मोदीले भोली नयाँ दिल्लीबाट प्रधान मन्त्री धन-धान्य योजना र दलहन आत्मनिर्भरता मिशनको सुरुवात गर्नुहुनेछ। कृषि एवम् किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले प्रधानमन्त्री धन-धन योजना र दलहन आत्मनिर्भरता मिशन देशलाई आत्मनिर्भर बनाउने उद्देश्यका साथ गरिएका पहलहरू रहेको बताउनुभएको छ। दूरदर्शन समाचारसँगको अन्तर्वार्तामा कृषि मन्त्रीलेभन्नुभयो, यस योजना अन्तर्गत सरकारले १०० कम उत्पादकत्व भएका जिल्लाहरूको पहिचान गर्नेछ र उत्पादकत्व बढाउनका लागि लक्षित उपायहरू लागू गर्नेछ। सिंचाइ क्षेत्रको सुधार र ऋणको उपलब्धताबाट यी जिल्लाका किसानलाई फाइदा हुने उनले बताउनु भयो। कम उत्पादकत्व भएका जिल्लाको उत्पादकत्व राष्ट्रिय औसतमा ल्याउन सके समग्र राष्ट्रिय उत्पादन वृद्धि हुने र किसानको आय पनि बढ्ने उहाँको भनाइ छ।

**राजनाथ-ऑस्ट्रेलिया विदेश मंत्री**

रक्षामन्त्री राजनाथ सिंहले अस्ट्रेलियाली विदेशमन्त्री पेनी वोङ र अस्ट्रेलियाका विदेशमन्त्री पेनी वोंगसित क्यानबेरामा द्विपक्षीय

भेटवार्ता गर्नुभयो। दुवै नेताहरूले भारत-अस्ट्रेलिया व्यापक रणनीतिक साझेदारीलाई बलियो बनाउने र रक्षा, सुरक्षा र क्षेत्रीय स्थिरतामा सहयोग बढाउने आफ्नो प्रतिबद्धतालाई दोहोर्याए।

भेटमा सिंहले दुई देशबीचको बढ्दो मित्रतामाथि जोड दिनुभयो। सुश्री वोङले अस्ट्रेलियामा भारतीय प्रवासियहरुको महत्त्वपूर्ण योगदानको पनि प्रशंसा गर्दै दुई देशहरू भौगोलिक रूपमा अलग भए तापनि उनीहरूको दृष्टिकोण र मूल्यहरू एक अर्कासँग जोडिएको उल्ल्लेख गर्नुभयो। रक्षा मन्त्रीले क्यानबेरामा रहेको अष्ट्रेलियन युद्ध स्मारकमा शहीद सैनिकहरूको समाधिमा माल्यार्पण गर्नुभयो।

**आरबीआई- कार्यकारी निदेशक**

भारतीय रिजर्व बैंकले सञ्जय कुमार हंसदालाई नयाँ कार्यकारी निर्देशकमा नियुक्त गरेको छ। एक प्रेस विज्ञप्तिका अनुसार, श्री हंसदाले आर्थिक र नीति अनुसन्धान विभागको जिम्मेवारी सम्हाल्नेछन्। यसअघि मौद्रिक नीति विभागको आर्थिक तथा नीति अनुसन्धान विभागमा सल्लाहकार, आन्तरिक ऋण व्यवस्थापन विभागमा निर्देशकका रूपमा काम गरिसकेका छन्।

**मुक्त व्यापार समझौता**

विदेश सचिव विक्रम मिस्रीले भारत र ब्रिटेन बीचको ऐतिहासिक स्वतन्त्र व्यापार सम्झौताले विकसित भारतको दृष्टिकोणलाई अझ बलियो बनाउने बताउनु भयो। मुम्बईमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै श्री मिस्रीले प्रधानमन्त्री मोदी र प्रधानमन्त्री स्टार्मरबीच क्षेत्रीय र वैश्विक मुद्दाहरूमा व्यापक छलफल भएको बताउनु भयो। यसका साथमा श्री मिश्रीले भारतलाई संयुक्त राष्ट्र सुरक्षा परिषदको स्थायी सदस्यको रूपमा समावेश गर्नका लागि यूकेबाट समर्थन प्राप्त भएको जानकारी दिनुभयो।

**जीएसटी सुधार- हरियाणा**

प्रधान मन्त्री नरेन्द्र मोदीद्वारा घोषणा तथा गत महिनाको २२ तारिखमा सुरु गरिएको जीएसटी बचत उत्सवले समाजका सबै वर्गहरूलाई लाभान्वित गरिरहेको छ। हरियाणा राज्यको अर्थव्यवस्थालाई बढ़ावा दिन जि.एस.टी. सुधारहरूको बारेमा सुन्नुहोस् हाम्रो संवाददाताको रिपोर्ट

**बिहार नामांकन**

बिहारमा विधानसभा चुनावको पहिलो चरणको लागि आज अधिसूचना जारी हुनेछ। यससँगै पहिलो चरणमा १२१ विधानसभा सिटका लागि नामांकन प्रक्रिया सुरु हुनेछ। निर्वाचन आयोगले नामांकन केन्द्र वरिपरि कडा सुरक्षा व्यवस्थाका लागि विशेष निर्देशन दिएको छ। नामांकनका लागि उम्मेदवारसँगै केवल तीन वटा वाहन र प्रस्तावक सहित अधिकतम पाँच जना मात्र आवागमन गर्न पाउनेछन्। सम्पूर्ण नामांकन प्रक्रियाको भिडियोग्राफी पनि गरिनेछ।

पहिलो चरणमा ६ नोभेम्बरमा पटना, दरभंगा, मधेपुरा, सहरसा, मुजफ्फरपुर, गोपालगञ्ज, सिवान, सारण, वैशाली, समस्तीपुर, बेगुसराय, लखीसराय, मुंगेर, शेखपुरा, नालंदा, बक्सर र भोजपुरमा मतदान हुँदैछ।

पहिलो चरणका लागि नामाङ्कन पत्र भर्ने अन्तिम मिति यस महिनाको १७ तारिख हो। नामाङ्कनहरूको जाँच यसै महिनाको १८ तारिखमा हुनेछ। उम्मेदवारी फिर्ता लिने अन्तिम मिति यही महिनाको २० गते तोकिएको छ।

**जम्मू-कश्मीर- आपदा प्रबंधन**

जम्मू-कश्मीर सरकारले प्राकृतिक प्रकोपहरूको तयारी र प्रतिक्रियालाई सुदृढ पार्न केन्द्र शासित प्रदेशहरूमा ब्लक र पञ्चायत दुवै स्तरमा आपदा प्रबंधन समितिहरू गठन गर्न आदेश दिएको छ। आकाशवाणी जम्मू संवाददाताका अनुसार ब्लक स्तरमा ब्लक विकास परिषदका अध्यक्षले समितिको अध्यक्षता गर्नेछन्।

**नेपाल-भ्रष्टाचार मामला**

नेपालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राष्ट्री स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्वउपकुलपति प्रा डा सङ्गीतासिंह भण्डारी र पूर्व कार्यवाहक रजिष्ट्रार झंकार लामिछानेसहित १३ जनाविरुद्ध मुद्दा दायर गरेको छ। अख्तियारका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार तत्कालीन उपकुलपति भण्डारीविरुद्ध गुणस्तरहीन एमआरआई मेसिन खरीद गरेको आरोपमा अख्तियारले मुद्दा दर्ता गरेको छ। सो मेसिन खरिदमा आर्थिक अनियमितता भएको शिकायतका आधारमा आज मुद्दा दर्ता गरिएको हो।

**मौसम**

मौसम विभागले आज असम, नागाल्याण्ड, मणिपुर, मेघालय, मिजोरम र त्रिपुरामा भारी वर्षाको सम्भावना रहेको जनाएको छ। आन्ध्र प्रदेश, तटीय कर्नाटक, केरला, माहे, ओडिशा, दक्षिण आन्तरिक कर्नाटक, तमिलनाडु, पुडुचेरी र कराइकलमा पनि भारी वर्षाको सम्भावना छ। आगामी दुई दिनसम्म पश्चिम बंगाल, लक्षद्वीप र तेलंगानामा मेघगर्जनसहित चट्याङ पर्ने सम्भावना रहेको छ।

**रात्रि भारत-दक्षिण अफ्रीका महिला क्रिकेट**

आइसीसी महिला एकदिवसीय विश्वकप क्रिकेटमा दक्षिण अफ्रिकाले भारतलाई ३ विकेटले पराजित गरेको छ। विशाखापट्टनममा भएको खेलमा २५२ रनको लक्ष्य पछयाएको दक्षिण अफ्रिकाले ३ विकेट बाँकी छँदै लक्ष्य भेट्टायो। यसअघि टस हारेर पहिले ब्याटिङ गरेको भारत टोली २५१ रनमा अलआउट भएको थियो। दक्षिण अफ्रिकाका लागि नादिन डी क्लार्कले ५४ बलमा ८४ रन बनाइन् भने भारतका लागि ऋचा घोषले ७७ बलमा ९४ रनको उत्कृष्ट इनिङ गरिन्।

**जुनियर मिक्स्ड चैंपियनशिप**

बैडमिन्टनमा भारतको बिडब्ल्युएफ विश्व जुनियर मिक्स्ड टिम च्याम्पियनसिपको क्वार्टरफाइनलमा भारतले कोरियालाई पराजित गरेको छ। असमको राष्ट्रिय उत्कृष्टता केन्द्र गुवाहाटीमा आयोजित प्रतियोगितामा ऐतिहासिक जितसँगै भारतले इतिहासमा पहिलो मिश्रित टिम पदक सुरक्षित गरेको छ। यसैबिच आज दिउँसो भारतले डिफेन्डिङ च्याम्पियन इन्डोनेसियासँग प्रतिस्पर्धा गर्नेछ। खेल दिउँसो एक बजे हुनेछ।

****** ० ******